Achyutram Bhandari Sangit Pratisthan Aalekh, Vol. 3, Issue 1 ISSN: 2990-7950 (Print)
Peer Reviewed Research Article

# नेपाली राष्ट्रिय वाद्ययन्त्र मादलः एक अध्ययन

**नगेन्द्रप्रसाद न्यौपाने**

उपप्राध्यापक, त्रिभुवन विश्वविद्यालय, रत्नराज्य लक्ष्मी क्याम्पस

इमेलः npn.music2070@gmail.com

**लेखसार**

नेपालमा बसोबास गर्ने विभिन्न जात जातिहरूले सांस्कृतिक परम्पराको रूपमा जन्मेदेखि मृत्युसम्म अपनाउने विभिन्न चाडपर्वहरूमा प्रचलित लोकगीत तथा धुनहरूमा बजाइने मादल लोकप्रिय वाध्य हो । नेपाली लोकगीत तथा भाकाहरूलाई समयभित्र अड्याएर निश्चित गतिमा प्रवाह गर्ने मादल नेपालमै निर्मित सांस्कृतिक प्रतीकका रूपमा चर्चित एक प्रसिद्ध मौलिक ताल बाजा पनि हो । अधिकांश नेपाली गीत तथा सङ्गीत र धुनहरूको साथै विदेशी सङ्गीतमा समेत मादलको प्रयोग ब्यापक छ । त्यसैले नेपाली सङ्गीतमा मात्र नभएर विदेशी सङ्गीतमा समेत मादलको महत्त्वपूर्ण स्थान छ। नेपाली लोक गीत सङ्गीत र धुनहरूमा मादलका विभिन्न तालहरू बज्ने र बजाइने गरिन्छ। यस परिपेक्ष्यमा यो अनुसन्धान नेपालमा प्रचलित लोकबाजा के कस्ता छन् ? मादल बाजाको बनोट तथा निर्माण प्रकिया के कस्तो छ ? मादलको बोल र बोल बादन गर्ने तरिका वा नियम के कस्तो छ ? मादलमा बजाइने प्रचलित तालहरूको अवस्था, प्रकिया र बोल के कस्तो छ ? यी तालहरू नेपालको कुन भेग र स्थानमा प्रचलित छन् ? भन्ने बारेमा विस्तृत रूपमा चर्चा गरिएको छ । यस लेखबाट हाम्रो सांस्कृतिक धरोहरको रूपमा रहेको मादलको विविध बोल र यसमा प्रचलित विभिन्न तालहरूको बारेमा पाठक वर्गलाई विस्तृत ज्ञान हासिल हुनेछ । यसका बारेमा ब्याख्यात्मक एवं विश्लेषणात्मक रूपमा उठाइएका कुराले समाज र साङ्गीतिक क्षेत्रमा रहेको कौतुहलता, उत्सुकता र जिज्ञासालाई मेटाउने छ ।

**शब्दकुञ्जिः** मादल, झ्याउरे, चुड्का, ख्याली, समला, सोरठी, टप्पा

## पृष्ठभूमि

नेपाल लोक सङ्गीत र संस्कृतिले समृद्ध मुलुक हो । हरेक राष्ट्रको आआफ्नै लोक कला संस्कृति हुन्छ। यहाँ विभिन्न प्रकारका जातजातिहरू बसोबास गर्ने गर्दछन। यी जातजातिहरूको संस्कृति र परम्परा भिन्नाभिन्नै रहेको पाइन्छ। यहाँका प्रत्येक छाँगा, छहरा, देउराली, चौतारी, खोलानाला, भन्ज्याङ्ग र कन्दराहरूमा बज्ने लोकगीत सङ्गीतहरूमा मादल घन्किएको हुन्छ । नेपाली संस्कृतिको ऐतिहासिक जानकारी मादलले दिएको छ। हरेक मेलापर्व, जात्रा, विवाह, सुःख दुःखमा मादल गाँसिएको पाइन्छ। मादलको तालले गीतसङ्गीतलाई जीवन्त राख्दछ। मादल बज्ने मूलथलो इलामको गजुरमुखी मेला, झापाको माइवेनी मेला, चितवनको देवघाट मेला, खोटाङको

हलेसी मेला, तेह्रथुमको मदन मेला, सुनसरीको बराहक्षेत्र मेला, बेनीघाट, भोजपुरको सिद्धकाली साल्पा मेलाजस्ता देशका विभिन्न चाडपर्व, मेलापात, उत्सव र महोत्सवहरूमा बज्ने लोकगीत सङ्गीतहरूमा यसको सर्वाधिक प्रयोग गरिने परम्परा चलिआएको छ। त्यसैले यो मानव जीवनको एउटा अभिन्न अंग हो। त्यसमा पनि मादल मानवजीवनको हरेक सुःख दुःखको सारथि हो (दिवस, नेपाली लोकबाजा)।

मादलको उत्पत्ति र विकास पौराणिक कथाअनुसार वैदिक कालमा नै भएको पाइन्छ। भगवान् शिवलाई ताल बाजा बिना सङ्गीत अधुरोजस्तो महसुस भएपछि उनले डमरुको सिर्जना गरेका थिए (शाह, वि.स.२०३९)।

त्यसपछि सङ्गीतका लागि विभिन्न किसिमका बाजाहरू उत्पन्न हुँदै गए भन्नेबारे धर्मशास्त्रहरूमा उल्लेख पाइन्छ। यसै सिलसिलाकै रूपमा देवयुगमा मृदङ्ग र पखावज बाजा पनि प्रसिद्ध भएका कथाहरू पाइन्छन्। त्यस समयमा बाजाहरूलाई भिरेर बजाउने र नाचगान गर्ने गरिएको पाइन्छ। त्यसैले स्वयम् शिवजीले पनि मृदङ्ग भिरेर नाचेका थिए भन्ने पुराणमा वर्णित कथनबाट यस कुराको पुष्टि हुन्छ। यसरी मृदङ्ग बाजा भिरेर बजाउने चलनलाई कालान्तरमा मानव जातिले नयाँनयाँ स्वरूप दिँदै गए। यसरी नै नेपालमा मृदङ्गको परिमार्जित स्वरूपका रूपमा मादल अस्तित्त्वमा आएको भन्ने भनाई समेत पाइन्छ।

जसले मर्दल मृदंग वा मुरजलाई समान अर्थमा मादललाई जनाउँछ। दिग्गज मादलका खेलाडी सुवि शाहले आफ्नो पुस्तक मादलमा मृदङ्गको परिमार्जित रूपमा नै मादल भनेर उल्लेख गरेका छन्। ७ औं शताब्दीदेखि ११ औं शताब्दीको बिचमा सङ्गीत नारदले रचना गरेको मुकरंद ग्रन्थमा उल्लेखित पङ्क्तिअनुसार देवी पार्वती र भगवान् शिव क्रमशः मर्दलको दायाँ र बायाँ अनुहारमा बस्छन् भन्ने धार्मिक मान्यता रहेको छ। शारंग देवले रचना गरेको सङ्गीत रत्नाकर मा मर्दल आजको मादलको संरचना जस्तै छ। तसर्थ, मादलको अस्तित्त्व प्राचीन कालबाट सुरु भएर आधुनिक कालसम्म जारी पाइन्छ छ। केही नेपाली मन्दिरहरूमा मादलजस्तो वाद्ययन्त्रसँग सम्बन्धित अन्वेषकले खिचेका मूर्तिकलाका केही तस्विरहरू तल दिइएका छन्, जसले सांगीतिक कृतिहरू, विशेष गरी नेपालमा पुरातन कालदेखि नै मादलको अस्तित्त्व रहेको प्रमाण दिन्छ (Poudel, Vol. 3 No. 2 (2021))।

नेपाली गीत सङ्गीतहरूमा मादलको लोकगीतको साथसाथै आधुनिक, लोकपप, भजन, फिल्मी गीतहरूमा मादलको प्रयोग अत्याधिक रूपमा गरिन्छ। विशेषतः मगर जातिले मध्यकालको समयदेखि मादल बाजा बजाउने गरेको देखिन्छ। तुलनात्मक दृष्टिले हेर्दा मादल नै देशका सम्पूर्ण जाति र वर्गले समान रूपले बजाउने एकमात्र लोकप्रिय वाद्ययन्त्रको रूपमा रहेको पाइन्छ। यसले

नेपाली लोक सभ्यता र संस्कृतिको पहिचान बोकेको छ। नेपाली लोकबाजाको मुटु मादल हो। ताल बिनाको गीत ब्रेक नभएको मोटरजस्तै हुने हुनाले अधिकांश लोकगीतलाई मादलले तालको रूपमा बाधेको हुन्छ। त्यसकारण पनि मादललाई नेपालको मौलिक सांस्कृतिक लोक वाद्ययन्त्रको प्रतीकको रूपमा लिने गरिएको छ। गीतको भाकालाई समयभित्र अड्याई निश्चित गतिमा प्रवाह गर्ने, स्वदेशकै भौतिक साधनले निर्मित नेपालको एकमात्र लोक वाद्ययन्त्र सांस्कृतिक प्रतिकको रूपमा चर्चित तालबाजालाई मादल भनिएको छ। जुन आफ्नै नेपाली सभ्यता संस्कृतिमा परिष्कृत भई सरल, स्वतन्त्र र यथार्थ अस्तित्त्वमा घन्किएको मादलले नेपाली लोकसङ्गीतलाई संरक्षण गरेको छ। अनादिकालदेखि नै गौरवमय राष्ट्रिय भण्डारको रूपमा बाँचेको मादल जनसाधारणको हर्ष-विस्मातमा प्रवाहित भएको छ। यसको अभावमा हाम्रा लोकगीतहरू निरस, अप्रिय र अस्थीर रहन्छन्। त्यसैले भनिन्छ माछा पानी विना बाँच्न सक्दैन त्यसै गरी मादल नभए लोकगीत पनि बाँच्न सक्दैन। नेपाली लोकगीतहरूलाई ढाकर नोकमा टेकाएझैँ भयाङको काम गरेको हुन्छ। मादलको कर्णप्रिय आवाज र तालले जनमानसलाई कम्मर मर्काइ मर्काइ नचाउँछ (नेउपाने वि.स.२०७०)।

## शोधविधि

यस अध्ययनको मूल उद्देश्य नेपाली सांस्कृतिक लोक परम्पराका विभिन्न अवसरहरूमा बजाउँदै आएको प्रचलित लोकबाजा मादलको पृष्ठभूमि के कस्तो छ ? मादल बाजाको बनोट तथा निर्माण प्रकिया के कस्ता छन् ? मादलको बोल र बोल बादन गर्ने तरिका वा नियम के कस्तो छ ? मादलमा बजाइने प्रचलित तालहरूको अवस्था, प्रकिया र बोल के कस्तो छ ? यी तालहरू नेपालको कुन भेग र स्थानमा प्रचलित छन ? साथै यी तालहरूको विशेषता, शैली र प्रयोग के कस्तो छ भन्ने बारे उजागर गर्न खोजिएको छ। यस अध्ययनमा पूर्वप्रकाशित कृति, लेख रचनाहरूद्वारा तथ्यांक सङ्कलन गरिने छ। शीर्षकसँग सम्बन्धित पुस्तक, लेख, रचना, शोध, पत्रपत्रिका, वेबसाइट, अनुसन्धान रिपोर्ट तथा व्यक्तिगत विचार धाराहरूका आधारमा अध्ययनलाई अगाडि बढाइने छ। यो अनुसन्धानलाई व्याख्यात्मक एवं विश्लेषणात्मक विधिको अध्ययनका आधारमा निष्कर्ष निकालिने छ।

## नेपालमा प्रचलित लोकबाजा

लोकबाजा भन्नाले साधारणतया कुनै पनि भूभाग र त्यस भूभागमा बस्ने मानव समूहद्वारा बजाइने वाद्य वादनलाई जनाउँछ। नेपाली लोक सङ्गीत लोकबाजामा ज्यादै समृद्ध छ भन्नुमा अत्युक्ति नहोला। आजसम्ममा प्रचलित, अप्रचलित गरी जम्मा ३७५ भन्दा बढी प्रकारका बाजाहरू रहेको जानकारी नेपाली लोकबाजा संग्रहालयको छ। यसमा पनि सबैभन्दा बढी संख्या तालबाजाको रहेको पाइन्छ (कडेल, वि.स.२०६१)।




**स्रोतः** https://www.wondersofnepal.com/traditional-nepali-musical-instruments/

नेपालमा प्रचलित यस्ता कतिपय लोकबाजाले अन्तर्राष्ट्रिय स्तरमा समेत ख्याति पाएका छन् । प्रायः नेपालमा प्रचलित चाडपर्व, मेलापात, जात्रा, पूजाआजाहरूमा नेपालीबाजा बजेको हुन्छ। बाजा बिना सङ्गीतको अङ्ग पूरा हुन् सक्दैन। बाजाको सहयोग बिना गीत र नाचहरू निरस हुन्छन् । हाम्रो नेपाली लोकसङ्गीतमा मादल बज्नासाथ गिताङ्गेको मुखबाट गीत प्रकट हुन थाल्छ भने नृत्यकारको खुट्टा पनि आफैँ उफ्रन थाल्दछ। यसरी बाजाले गीत र नृत्यलाई बाधेको हुन्छ। लोकबाजाले गीत र नाचहरूको भाका र लयलाई समेत मौलिकता प्रदान गर्दछ। सारंगी, मुर्चुङ्गा र मादलले साथ दिनासाथ हाम्रो लोकसङ्गीतले आफ्नै मौलिकता संगाल्दछ (उपाध्याय, वि.स.२०५७)।

मानवजीवनको इतिहाससँगै जनमानसले आफ्नो हर्ष र विस्मात्लाई लोकगीतको अध्ययनद्वारा व्यक्त गरी विविध बाजाहरूको प्रयोग गर्दै गए । उनीहरूले ती बाजाहरूमध्ये कुनलाई रेटेर, कुनैलाई फुकेर, कुनैलाई ठोकेर आफ्ना मनका भावहरू त्यसमाथि ब्यक्त गरे । यसरी एक पिंढीबाट अर्को पिंढीसम्म यी बाजाहरूको प्रयोग एवं प्रचलनले संस्कारको रूप लिन पुग्यो । पछि गएर लोकबाजा समाजका लागि यति अपरिहार्य भयो कि जन्मदेखि मृत्युपर्यन्तका हरेक संस्कारहरू एवं धार्मिक उत्सवहरूदेखि लिएर मनोरञ्जनको समयसम्म पनि यसको प्रयोग हुन गयो (पराजुली, वि.स.२०५७) ।

विभिन्न नेपाली लोकबाजाहरूमध्ये राजा र धड्कन मानिने मादललाई यस अध्ययनमा समेटिएको छ ।

## मादल बाजाको बनोट तथा निर्माण प्रर्किया

मादलको बनोट निर्माणमा छत्विन, शिरिष, टुनी, चाँप, कालीकाठ, कदम, खिरा र चुवाजस्ता हलुका काठ प्रयोग गरिन्थ्यो। यसको अभावमा पछि टुनी, खयर, आँप, लप्सी, बकैना, चिलाउने, उत्तिस, सिसौजस्ता काठहरूद्वारा समेत बनाउने गरिएको पाइन्छ। प्राचीन समयमा मादलको घार बनाउँदा रामोले खोपेर बनाइन्थ्यो। तर आजभोलि विभिन्न प्रकारका मेसिन तथा

ISSN: 2990-7950 (Print)
Peer Reviewed Research Article

औजारहरूद्वारा तयार गरिन्छ । साधारणतया मादलको घारको लम्बाई १ फिटदेखि लिएर १ हातसम्म लामो हुन्छ । आवश्यकताअनुसार योभन्दा लामो र छोटो पनि बनाउने गरिन्छ । मादल बनाउदा लम्बाइअनुसारको मोटाई बनाउने गरिन्छ । यसलाई बनाउदा मोटो भाग ठीक बिचमा नभएर अलि छेउतिर हुन्छ र यही मोटो भागबाट दुवैपट्टि सलामी पार्दै लगिएको हुन्छ । छोटोपट्टिको भाग अलि ठूलो र लामोपट्टिको सलामी केही लामो पारेर बनाइने गरिन्छ (शाह, वि.स.२०३९) ।

मादल बनाउन बाख्रा, च्याङ्ग्रा, भेडाजस्ता जनावरको छालालाई पातलो पारि राखेर हालिन्छ । दुवैपट्टि मथुरा बुनिसकेपछि त्यस ठाउँमा तना हालेर कसिन्छ । जसलाई मथुरा भनिन्छ । मैदान बनेपछि मैदानलाई सफा पारि हलुकासँग खुर्केर खरी हाल्ने काम शुरु गरिन्छ । मादलको खरीका लागि चामलको भात मसिनो पारि पिँधेर, पराल पोलेको कालो धुलो हाली राम्ररी लस्सा आउने गरी पिँधेर लगाइन्छ । यसलाई मादलको दुवैपट्टि बाहिरी भागबाट गोलो पारि मैदानको बिच भागमा लगाउने गरिन्छ । यसको दायाँ(भाले) पट्टिको गोलाई सानो र बायाँ(पोथी) पट्टिको गोलाई ठूलो हुन्छ । पहिलो पत्र खरी लगाएर घाममा सुकाई शालिग्राम ढुङ्गाले बेसरी घोटिन्छ । यसै गरेर खरी लगाउँदा बोलको रन्का पनि सुन्दै अन्त्यतिर काँसको धुलो छरेर सुकाई घोटिन्छ र खरी हाल्ने काम पूरा भई मादल तयार हुन्छ । मादल बनाउने जातहरूका रूपमा मिजार, कुलु र वादीहरू थिए भने आजभोलि मादल बाजालाई सबै जातजातिले बनाउन थालेको पाइन्छ (शाह, वि.स.२०३९) ।

मादलको बनोटको आधारमा हेर्ने हो भने नेपालको तीनवटा मुख्य भेगमा यसको आधारमा वर्गीकरण गरिएको छ :-

**पूर्वेली मादल :** पूर्वेली मादल पश्चिमेलीभन्दा ठूलो मोटो र गम्भीर प्रकृतिको आवाज भएको हुन्छ । यो मादल विशेषत नेपालको पूर्वी भागमा प्रचलित लोकगीतहरूमा बजाउने गरिन्छ । (भण्डारी, वि.स.२०७७) ।



स्रोत: https://imartnepal.com/blog-article/madal-folk-musical-instruments/

**२.पश्चिमेली मादल :** पश्चिमेली मादल पूर्वेली मादलभन्दा सानो, छोटो छरितो र चंचल

प्रकृतिको आवाज भएको हुन्छ। यो नेपालको पश्चिम भागमा प्रचलित लोक गीतहरूमा बजाउने गरिन्छ। यो विशेष गरी राप्ती र हालको कर्णाली प्रदेशमा प्रचलित छ। (भण्डारी, वि.स.२०७७)।



**स्रोतः** https://www.magicalsingingbowls.com/madal-sweet-nepali-instrument


**३. उपत्यका मादल :** यो पूर्वेली मादल भन्दा सानो र पश्चिमेलीभन्दा ठूलो आकारको मझौला प्रकृतिको हुन्छ । यसबाहेक यहाँ सबै प्रकृतिका मादलहरू पनि प्रचलित छन् । यो नेपालको उपत्यकामा प्रचलित विशेष लोक गीतहरूमा बजाउने गरिन्छ (भण्डारी, वि.स.२०७७)।



**स्रोतः** https://www.handmadeexpo.com/client/index.php?action=product&pid=28184

ISSN: 2990-7950 (Print)
Peer Reviewed Research Article

**मादलको चित्र सहित यसको विभिन्न भागका नामहरू :-**




१. जुईना, उजिण्डो, खकान
२. मथुरा (गजरा)
३. बायाँ (पोथी भाग)
४. दायाँ (भाले भाग)
५. मैदान
६. खरी
७. भिर्ने डोरी, तना (तान)
८. घार (काठ)

प्राकृतिक रूपमा दायाँभाग भाले चराको आवाजजस्तो मधुर, टडकारो र तिखो हुन्छ भने यसको विपरीत बायाँ भाग पोथीको जस्तो आवाज मोटो, कठोर र घोर प्रकृतिको हुने हुनाले यसलाई भाले र पोथी भनिएको पाइन्छ (शाह, वि.स.२०३९) ।

**मादलको बोल**

नेपालमा प्राचीन कालदेखि नै मादल बजाउन सिक्दा वा सिकाउँदा एक अर्काको देखासिकी र प्रत्यक्ष हेरी हुबहु उतारेर सिक्ने चलन चल्दै आएको देखिन्छ । यसर्थ पनि मादलको बोललाई मुखले बोलेर निश्चित शब्दबाट सिकाउने चलन नभएको होला तर आज भोलि यसलाई लेखेर, हेरेर, बोलेर सिकाउने र बजाउने प्रचलन जताततै छ । मादलको बजाउने तरिका अनुसार र लोकगीतहरूमा अपनाइएका बोलहरूको शाब्दिक रूपलाई हेर्दा मादलको दायाँ(भाले), बायाँ(पोथी) वा दुवैपट्टि एकसाथ संयुक्त रूपमा बजाउँदा उत्पन्न हुने पृथक् परिचयात्मक बोलहरूको उल्लेख

गरिन्छ । यसलाई ठाउँ विशेष फरक फरक बोलद्वारा चिनिन्छ र जानिन्छ (शाह, वि.स.२०३९) ।




स्रोतः लेखक स्वयंम

**मादलबाट निस्कने बोलहरूका विभिन्न नामहरू :**

**मादलको दायाँ भाग (भाले) बाट निस्कने बोल :** ताम, ताङ, थाम्, ति, न, ना, तत्, ता, ते, त, त्रि

**मादलको बायाँ भाग (पोथी) बाट निस्कने बोल :** धिम, धि, घिन, धुम, गुम, घे, घ, दि, फत्, फ, ख, क (भण्डारी, वि.स.२०७७) ।

**मादलको दायाँ बायाँ (भाले पोथी) भागबाट निस्कने संयुक्त बोल :**

| **दायाँ भाग (भाले)** | **बायाँ भाग (पोथी)** | **संयुक्त बोल (भालेपोथी)** |
|---|---|---|
| ताङ | क | धाङ |
| फत् (तत्) | घिन | घिन |
| ताङ | घिन | झ्याम |
| तत् | फ | फत् |
| ना | क | तक |

साधारणतया माथि उल्लेखित मादलको बोलहरू नै प्रचलित छन् तथापि मादल वादकहरूले आफ्नो स्थानीय भाषाको प्रभावका कारणको साथै सजिलो र आवश्यकताअनुसार अनेक बोल बनाएर वादन गर्ने गरेको पनि पाइन्छ (भण्डारी, वि.स.२०७७) ।

## बोल बादन गर्ने तरिका वा नियम

मादल बजाउने नियमअनुसार हरेक बोलहरू उत्पन्न गर्ने तरिका निम्न सिद्धान्तमा भर पर्दछ ।

ISSN: 2990-7950 (Print)
Peer Reviewed Research Article

१.**झ्याम** यो बोल मादलको दुवैपट्टि एकैसाथ औँलाले चड्का साथ थप्का लगाउँदा निस्कन्छ ।

२.**ताम र थाम्** यो बोल झ्यामकै मुताबिक बजाएर पोथीपट्टि छिट्टै छोपिदिँदा र भालेको रन्का लामो जान दिँदा उत्पन्न हुन्छ ।

३.**धीम् र धी** यो बोलहरू भालेपट्टि छोपी भालेपट्टि मात्र बजाउँदा उत्पन्न हुन्छ । यदि पोथीपट्टि नछोपे स्वर विकृत सुनिन्छ । यी बोलहरू पनि ढिलो, चल्ती र छिटो बजाउने चालअनुसार पुकारिन्छ ।

४.**ताम् र तारत** यी बोलहरू पोथीपट्टि छोपी भालेपट्टि मात्र बजाउँदा उत्पन्न हुन्छ । यदि पोथीपट्टि नछोपे स्वर विकृत सुनिन्छ । यी बोलहरू पनि ढिलो, चल्ती र छिटो बजाउने चालअनुसार पुकारिन्छ ।

५.**फत्** दुबैपट्टि एकैसाथ थप्का मार्दा निस्कने आवाज हो ।

६.**फ** पोथीपट्टि मात्र थप्का लगाउँदा यो बोल निस्कन्छ । यो बोलमा रन्का आउने किसिमबाट

बजाउनुहुँदैन ।

७.**धुम्** यो बोल भालेलाई नछोपी पोथीपट्टि मात्र बजाउँदा निस्कन्छ । यो चल्ती तालमा बजेको हुन्छ र ज्यादै छिटो भए धुम्मात्र हुन्छ ।

८.**तत्** भालेपट्टिको खरीमा औँला जोरेर चड्कासँग थप्का लगाउँदा यो बोल उत्पन्न हुन्छ ।

कुनै बोल समूहमा तट् र कुनै बोल समूहमा अः आवश्यकताअनुसार भनिने गरिन्छ ।

१०.**गुम्** भालेपट्टि आवाज नआउने र पोथीपट्टि आवाज आउने गरी एकैसाथ बजाएर छिटो पोथीलाई पनि छोपिदिँदा यो आवाज उत्पन्न हुन्छ ।

११.**ना** भालेपट्टि मात्र बजाएर छिट्टै पोथी या भालेकै अर्को मिल्दा यो बोल पुकारिन्छ ।

१२.**धीना** पोथीपट्टि पहिले र भालेपट्टि पछि रन्का आउने गरी पालैपालो छिटो बजाउँदा यो बोल निस्कन्छ ।

१३.**फत्** यो बोल पोथीमा थप्का मार्ने र भालेमा पछाडि रन्का आउने गरी बजाउँदा पैदा हुन्छ । मुख्य २ आवाज लगातार बजेको हुनुपर्नेछ ।

१४.**नक र तक** भालेपट्टि पैले र पोथीपट्टि पछाडि लामो रन्का जान नदिने तरीकाबाट बजाउँदा यो बोल उत्पन्न हुन्छ । धेरैजसो चल्ती तालमा यो बोल पुकारिन्छ ।

१५.**त्रिता** भालेपट्टि मात्र दोबारा औंला फट्कारिदिँदा आउने आवाज हो। पछिल्लोमा रन्का हुनुपर्छ।

१६.**क** यो पोथीपट्टि मात्र रन्का छोटो आउने गरी बजाएर छिट्टै अर्को बोल मिस्सिदा निस्कने आवाज हो।

माथि लेखिएका प्रत्येक बोलसमूहहरूलाई बराबर दोहोऱ्याएर अभ्यास गर्नुहोस्। अभ्यास गर्दा माथि उल्लेखित बोल निकाल्ने तरिका वा नियमका आधारमा ध्यान दिँदै अभ्यास गर्नुपर्दछ र यिनै बोलहरूबाट हातको सफाई गराउनु राम्रो हुन्छ। प्रष्ट बोल उत्पन्न हुने भएपछि गन्ति र मात्राको आधारमा अभ्यास गर्दै जानुपर्छ (शाह, वि.स.२०३९)।

## मादलमा बजाइने प्रचलित तालहरूको विश्लेषण

### झ्याउरे ताल

विशेष गरेर झ्याउरे गीत र भाकामा बजाइने ताल भएकोले यस तालको नाम पनि झ्याउरे ताल हुन गएको हो। यो ताल झ्याउरे गीत र भाकामा बाहेक अन्य विभिन्न प्रकारका गीत र भाकाहरूमा पनि बजाउने गरिन्छ। यो ६ मात्राको ताल हो। यस तालमा ३। ३ मात्राको २ वटा विभाग हुन्छ। विभागलाई अडान पनि भनिने चलन छ। यस तालको पहिलो विभागमा ताली र दोस्रो विभागमा खाली हुन्छ। यस काललाई ताली र खालीको रूपमा नलिएर केवल विभाग वा अडानअनुसार थपडी अथवा झ्याली बजाउदै गाउने पनि गरिन्छ। झ्याउर ६ मात्राको विभागीय अथवा अडानलाई गन्तीको हिसाबमा १ २ ३। ४ ५ ६ नभनेर १। २ भन्ने चलन पनि छ। गीत, भाका र नाचको विभिन्न ढंग, प्रकृति र शैलीअनुसार पनि झ्याउरे तालको बोलहरू बेग्लाबेग्लै हुने गर्दछन्। यसको बोल प्रयोगमा समेत विविधता पाइन्छ। जसको केही उदाहरण यस प्रकार छ :

झ्याउरे ताल (६ मात्रा) र यसको प्रचलित केही प्रकारहरू

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | । | ४ | ५ | ६ |
| घि | - | ती | । | ना | घि | ना |
| घि | - | ता | । | ता | घि | ना |
| घि | फ | ती | । | त | घे | ना |
| धीम | - | ताङ | । | फ | धीम | ताङ |

(भण्डारी, वि.स.२०७७)

 ISSN: 2990-7950 (Print)
Peer Reviewed Research Article

## ख्याली ताल

ख्याली ताल ख्याली गीत, भाका र नृत्यहरूसँगै बज्ने र बजाइने हुनाले यस तालको नाम पनि ख्याली ताल रहन गएको पाइन्छ । यसताललाई विभिन्न प्रकारका लोकगीत तथा धुनहरूमा बजाउने गरेको पाइन्छ । यो ८ मात्राको ताल हो । यस तालमा ४ । ४ मात्राको २ वटा विभाग हुन्छ । पहिलो विभाग ताली र दोस्रो विभाग खालीद्वारा नै थपडी र झ्यालीको आधारमा मादल बजाउँदै नाच्ने र गाउने गरिन्छ । ख्याली ८ मात्राको विभागीय अथवा अडानलाई गन्तीको हिसाबमा १ २ ३ ४ । ५ ६ ७ ८ नभनेर १ । २ । ३ । ४ तथा १ । २ भन्ने मान्यतासमेत हाम्रो समाजमा प्रचलित छ । गीत, भाका र नाचको विभिन्न ढंग र प्रकृतिअनुसार पनि ख्याली तालको बोलहरू बेग्लाबेग्लै हुने गर्दछन् । यसको बोल प्रयोगमा पनि धेरै विविधता पाइन्छ । जुन यस प्रकार छ :

ख्याली ताल (८ मात्रा) र यसको प्रचलित केही प्रकारहरू

| १ | | २ | | ३ | ४ | । | ५ | ६ | ७ | | ८ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| घि | - | फ | ती | । | ता | घे | घे | | | ना | |
| घि | - | घि | ती | । | ता | घे | घे | | | ना | |
| घि | ता | फ | ता | । | ता | घे | घे | | | ना | |
| घिन् | - | घि | न | । | न | क | ताम | | | - | |
| फत् | - | फ | त | । | न | क | | | झ्याम | - | |

(भण्डारी, वि.स.२०७७)

## चरित्र ताल

चरित्र गीतमा एतिहासिक पौराणिक कथा, पुराण, रामायण, कृष्णचरित्र साथै भगवान्कै चरित्रका बारेमा वर्णन गरिएको पाइन्छ । चरित्र गीत र भाकामा मादलको साथमा बजाइने ताललाई चरित्र ताल भनिन्छ । यो ताल चरित्र गीत र भाकामा बाहेक भैली, असारे र घाटुजस्ता अनेक प्रकारका लोकगीत र भाकामा समेत गाउने बजाउने गरेको पाइन्छ । यो ताल पूर्व पश्चिमका पहाडी भेगमा बसोबास गर्ने गुरुङ जातिमा प्रचलित छ । यो ६ मात्राको ताल हो । चरित्र गीत ढिलो गतिमा गाउने हुँदा ताल पनि ढिलो गतिमा ६ मात्राको ताललाई १२ मात्राको लय राखेर गाउने र बजाउने गरेको पाइन्छ । चरित्र तालको बोल धेरै प्रकारको पाइन्छ । यो नृत्य प्रधान ताल र गीत भएकोले मादल तथा झ्याली बजाउदै नृत्यको चालमा समूहमा घुम्दै गाउने,

बजाउने र नाच्ने गरिन्छ। चरित्र ६ मात्राको विभागीय अथवा अडानलाई गन्तीको हिसावमा १ २ ३ । ४ ५ ६ नभनेर १ २ ३ । ४ ५ ६ ॥ ७ ८ ९ । १० ११ १२ साथै १ । २ । ३ । ४ र १ । २ ॥ १ । २ भनेर थपडी र झ्यालीको साथमा बजाइने गरिन्छ। जसको केही उदाहरण यस प्रकार छ :

चरित्र ताल (६ मात्रा) र यसको प्रचलित केही प्रकारहरू

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | । | ४ | ५ | ६ |
| घि | घि | ता | । | ताघे | घि | ताङ |
| घि | ता | - | । | ताघे | घि | ताङ |
| फत | धिम | - | । | ताम | - | - |
| झ्याम | धिम | - | । | ताम | - | - |

(भण्डारी, वि.स.२०७७)

## सोरठी ताल

नेपालको गाउँ घरमा चलेको लोकतालमध्ये सोरठी मादलमा बज्ने महत्त्वपूर्ण ताल हो। सोरठी गीत र भाकामा बजाइने काललाई सोरठी ताल भनिन्छ । यस गीतमा ऐतिहासिक कथावस्तु अनुसार जयसिंह राजा र हेमैती रानीको बारेमा वर्णन गरिएको पाइन्छ। सोरठी तालमा मादलको साथमा विभिन्न प्रकारका बाजाहरू समेत बजाउने गरेको पाइन्छ । सोरठी भाका ढिलो र छिटो दुवै हुने भएकोले ताल पक्ष पनि लामी ताल र छोटी ताल भनेर छुट्टाछुट्टै प्रयोग गरिन्छ। लामी ताल १४ मात्राको हुन्छ भने छोटी ताल ८ मात्राको हुन्छ । लामी तालको १४ लाई ७ मात्राको विभागीय अथवा अडानद्वारा गन्तीको हिसावमा १ २ ३ । १ २ ३ ४ वा १ २ ३ । ४ ५ ६ ७ भन्ने मान्यता प्रचलित छ भने छोटी तालको ८ मात्राको विभागीय अथवा अडानद्वारा गन्तीको हिसावमा १ २ ३ ४ । १ २ ३ ४ वा १ २ ३ ४ । ५ ६ ७ ८ भन्ने मान्यता समेत प्रचलित छ। गीत, भाका र नाचको विभिन्न ढंग र प्रकृतिअनुसार पनि सोरठी तालको बोलहरू बेग्लाबेग्लै हुने गर्दछन । यसको बोल प्रयोगमा धेरै विविधता पाइन्छ। जसको केही उदाहरण यस प्रकार छ :

सोरठीको लामी ताल (१४ मात्रा) र यसको प्रचलित केही प्रकारहरू

१ २ ३ । ४ ५ ६ ७ । ८ ९ १० । ११ १२ १३ १४

ISSN: 2990-7950 (Print)
Peer Reviewed Research Article

झ्याम - धिम । झ्याम धिम ताम फत । फत फत ताम । फत धिम ताम धिम

सोरठीको छोटी ताल (८ मात्रा) र यसको प्रचलित केही प्रकारहरू

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | । | ५ | ६ | ७ | ८ |
| धिम | ताम | फत | - | । | फत | ताम | धिम | - |

(भण्डारी, वि.स.२०७७)

**टप्पा ताल**

यो ताल ८ मात्राको ताल हो । टप्पा ताल नेपालको सुदुरपश्चिम र भित्रिमधेशतिर बढी प्रचलित छ । विशेष गरेर राप्ती, कर्णाली, भेरीका थारु, मगर, ठकुरीहरूले नाचगान गर्दा टप्पा गाउने र वादन गर्ने गरेको पाइन्छ । यस तालमा शुरुमा समान लय, दुगुन लय र चौगुन भएर फेरी समानमा आउने गरिन्छ भने कतैकतै दुगुन र चौगुन लयमा वादन गर्ने चलन पनि भेटिन्छ । टप्पा तालको ८ मात्राको विभागीय अथवा अडानलाई गन्तीको हिसाबमा १ २ ३ ४ । ५ ६ ७ ८ वा १ २ ३ ४ । १ २ ३ ४ साथै १ २ । १ २ भन्ने मान्यता प्रचलित छ । गीत, भाका र नाचको विभिन्न ढंग र प्रकृतिअनुसार पनि समला तालको बोलहरू बेग्लाबेग्लै हुने गर्दछन । यसको बोल प्रयोगमा धेरै विविधता पाइन्छ । जसको केही उदाहरण यस प्रकार छ :

टप्पा ताल (८ मात्रा) र यसको प्रचलित केही प्रकारहरू

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | । | ५ | ६ | ७ | ८ |
| ताङ | - | फ | ती | । | ता | घे | घे | न |

(भण्डारी, वि.स.२०७७)

**समला ताल**

समला ताल नेपालको पूर्वी भागमा प्रचलित छ । यो ताल ८ को हुन्छ भने कतैकतै ४ मात्रा समेत मान्ने गरेको पाइन्छ । यो ताल समला गीत र नृत्यसँगै जोडिएकाले ताल र गीतको नाम नै समला रहन गएको मानिन्छ । यो ताल किरात जातजातिहरूले गाउने गीतको भाकामा बढी प्रयोग भएको पाइन्छ । समला तालको ८ मात्राको विभागीय अथवा अडानलाई गन्तीको हिसाबमा १ २ ३ ४ । ५ ६ ७ ८ वा १ २ ३ ४ । १ २ ३ ४ साथै १ २ । १ २ भन्ने मान्यता समेत प्रचलित छ । गीत, भाका र नाचको विभिन्न ढंग र प्रकृतिअनुसार पनि समला तालको बोलहरू बेग्लाबेग्लै हुने गर्दछन् । यसको बोल प्रयोगमा धेरै विविधता पाइन्छ । जसको केही उदाहरण यस

प्रकार छ :

समला ताल (८ मात्रा) र यसको प्रचलित केही प्रकारहरू

| १ | २ | ३ | ४ | । | ५ | ६ | ७ | ८ |
|---|---|---|---|---|---|---|---|---|
| ताङ | - | - | ख | । | ता | घे | घिन् | - |
| ताङ | - | त्रिक | तिन | । | ता | घे | घिन् | - |
| ताङ | - | खे | खे | । | ता | घे | घिन् | - |
| ता | - | घे | घे | । | ता | घे | घिन् | - |

(भण्डारी, वि.स.२०७७)

## निष्कर्ष

आजसम्म नेपालमा प्रचलित र अप्रचलित गरी जम्मा ३७५ भन्दा बढी प्रकारका बाजाहरू रहेको जानकारी नेपाली लोकबाजा संग्रहालयको छ। यसमा पनि सबैभन्दा बढी संख्या तालबाजाको रहेको पाइन्छ । नेपाली ताल लोकबाजाहरू मध्ये मादल समृद्ध बाजा हो । जुन नेपाली लोकसङ्गीतको साझा ढुकढुकी हो । यसको उत्पति वैदिक कालदेखि नै भएको पाइन्छ । यस अध्ययन बाट नेपाली सांस्कृतिक लोक परम्पराका विभिन्न अवसरहरूमा प्राचीन कालदेखि नै बजाउँदै आएको प्रचलित लोकबाजा मादल बजाउन सिक्दा वा सिकाउँदा एक अर्काको देखासिकीबाट सिक्ने चलन चल्दै आएको देखिन्छ । समय परिवर्तनसँगै मादलको पनि बनोट, बजाउने र सिकाउने शैली परिवर्तन भएको पाइन्छ । प्रचलित लोकबाजा मादलको पृष्ठभूमि खोज्दा मादलको उत्पत्ति र विकास पौराणिक कथाअनुसार वैदिक कालमा नै भएको पाइन्छ । विशेषतः नेपालको मगर जातिले मध्यकालको समयदेखि नै यस बाजा बजाउँदै आएको देखिन्छ । आजभोलि भने मादल देशका सम्पूर्ण जाति र वर्गले समानरूपले बजाउने एकमात्र लोकप्रिय वाद्ययन्त्रको रूपमा रहेको पाइन्छ । यसले नेपाली लोक सभ्यता र संस्कृतिको पहिचान बोकेको छ । त्यसैले मादललाई नेपालको मौलिक सांस्कृतिक लोक वाद्ययन्त्रको प्रतिकको रूपमा लिने गरिएको छ । जुन आफ्नै नेपाली सभ्यता संस्कृतिमा परिष्कृत भई सरल, स्वतन्त्र र यथार्थ अस्तित्त्वमा घन्किएको मादलले नेपाली लोकसङ्गीतलाई संरक्षण गरेको छ ।

मादलको बनोट निर्माणमा छत्त्विन, शिरिष, टुनी, चाँप, कालीकाठ, कदम, खिरा र चुवा जस्ता हलुका काठ प्रयोग गरिन्छ तर यसको अभावमा टुनी, खयर, आँप, लप्सी, बकैना, चिलाउने, उत्तिस, सिसौजस्ता काठहरूद्वारा समेत बनाउने गरिएको पाइन्छ। प्राचीन समयमा मादलको घार

ISSN: 2990-7950 (Print)
Peer Reviewed Research Article

बनाउँदा रामोले खोपेर बनाइन्थ्यो तर आजभोलि विभिन्न प्रकारका मेसिन तथा औजारहरूद्वारा तयार गरिन्छ । आवश्यकताअनुसार यो लामा, छोटा र मोटो हुने गर्दछ । यसमा बाखा, च्याङ्ग्रा, भेडाजस्ता जनावरको छाला लगाइन्छ भने छालाको बिचमा खरीका लागि चामलको भात मसिनो पारि पिँधेर, पराल पोलेको कालो धुलो हाली राम्ररी लस्सा आउने गरी पिँधेर लगाइन्छ । यसको दायाँ(भाले) पट्टिको गोलाई सानो र बायाँ(पोथी) पट्टिको गोलाई ठूलो हुन्छ । पहिलो पत्र खरी लगाएर घाममा सुकाई सालिग्राम ढुङ्गाले बेसरी घोटिन्छ । मादल बनाउने जातहरूका रूपमा मिजार, कुलु र वादीहरू थिए भने आजभोलि मादल बाजालाई सबै जातजातिले बनाउन थालेको पाइन्छ ।

मादलको बनोटको आधारमा हेर्ने हो भने पूर्वेली मादल पश्चिमेलीभन्दा ठूलो मोटो र गम्भीर प्रकृतिको आवाज भएको हुन्छ । यो मादल विशेषत नेपालको पूर्वी भागमा प्रचलित लोक गीतहरूमा बजाउने गरिन्छ । पश्चिमेली मादल पूर्वेली मादलभन्दा सानो, छोटो छरितो र चंचल प्रकृतिको आवाज भएको हुन्छ । यो नेपालको पश्चिम भागमा प्रचलित लोक गीतहरूमा बजाउने गरिन्छ । यो विशेष गरि राप्ति र हालको कर्णाली प्रदेशमा प्रचलित छ । यो पूर्वेली मादलभन्दा सानो र पश्चिमेलीभन्दा ठूलो आकारको मझौला प्रकृतिको हुन्छ । यसबाहेक यहाँ सबै प्रकृतिका मादलहरू पनि प्रचलित छन् । यो नेपालको उपत्यकामा प्रचलित विशेष लोक गीतहरूमा बजाउने गरिन्छ ।

नेपालमा प्राचीन कालदेखि नै मादल बजाउन सिक्दा वा सिकाउँदा एक अर्काको देखासिकी र प्रत्यक्ष हेरी हुबहु उतारेर सिक्ने चलन चल्दै आएको देखिन्छ । यसर्थ पनि मादलको बोललाई मुखले बोलेर निश्चित शब्दबाट सिकाउने चलन नभएको होला तर आजभोलि यसलाई लेखेर, हेरेर र बोलेर सिकाउने र बजाउने प्रचलन जताततै भएको पाइन्छ । यसलाई ठाउँविशेष फरक फरक बोलको नामले सम्बोधन गरिएको पाइन्छ । जुन मादल वादकहरूले आफ्नो स्थानीय भाषाको प्रभावका कारणको साथै सजिलो र आवश्यकताअनुसार अनेक बोल बनाएर वादन गर्ने गरेको पनि पाइन्छ । मादल बजाउने नियम र तरिका पनि फरक पाइन्छ । मादलमा बजाइने प्रचलित तालहरूको विश्लेषण गर्दा झ्याउरे ताल विशेष गरेर झ्याउरे गीत र भाकामा बजाइने ताल भएको झ्याउरे ताल भएको तर यो झ्याउरे गीत र भाकामा बाहेक अन्य विभिन्न प्रकार का गीत र भाकाहरूमा पनि बजाउने गरेको पाइन्छ । गीत, भाका र नाचको विभिन्न ढंग, प्रकृति र शैलीअनुसार पनि झ्याउरे तालको बोलहरू बेग्लाबेग्लै र विविधता पाइन्छ । त्यसै गरी ख्याली ताल ख्याली गीत, भाका र नृत्यहरूसँगै बज्ने र बजाइने हुनाले यस तालको नाम पनि ख्याली ताल रहन गएको पाइन्छ । यसताललाई विभिन्न प्रकारका लोकगीत तथा धुनहरूमा बजाउने गरेको पाइन्छ । गीत, भाका र नाचको विभिन्न ढंग र प्रकृतिअनुसार पनि ख्याली तालको बोलहरू

पनि बेग्लाबेग्लै पाइन्छ । चरित्र गीतमा एतिहासिक पौराणिक कथा, पुराण, रामायण, कृष्ण चरित्र साथै भगवान कै चरित्रका बारेमा वर्णन गरिएको पाइन्छ । चरित्र गीत र भाकामा मादलको साथमा बजाइने माललाई चरित्र ताल भनिन्छ । यो ताल चरित्र गीत र भाकामा बाहेक भैली, असारे र घाटुजस्ता अनेक प्रकारका लोक गीत र भाकामा समेत गाउने बजाउने गरेको पाइन्छ । यो ताल पूर्व पश्चिमका पहाडी भेगमा बसोबास गर्ने गुरुङ जातिमा प्रचलित छ । यो ६ मात्राको ताल हो ।

नेपालको गाउँ घरमा चलेको लोकतालमध्ये सोरठी मादलमा बज्ने महत्त्वपूर्ण ताल हो । सोरठी गीत र भाकामा बजाइने माललाई सोरठी ताल भनिन्छ । यस गीतमा ऐतिहासिक कथा वस्तुअनुसार जयसिंह राजा र हेमैती रानीको बारेमा वर्णन गरिएको पाइन्छ । सोरठी तालमा मादलको साथमा विभिन्न प्रकारका बाजाहरूसमेत बजाउने गरेको पाइन्छ । सोरठी भाका ढिलो र छिटो दुवै हुने भएकोले ताल पक्ष पनि लामी ताल र छोटी ताल भनेर छुट्टाछुट्टै प्रयोग गरिन्छ । गीत, भाका र नाचको विभिन्न ढंग र प्रकृतिअनुसार पनि सोरठी तालको बोलहरूमा विविधता पाइन्छ । टप्पा ताल नेपालको सुदुरपश्चिम र भित्रि मधेशतिर बढी प्रचलित छ । विशेष गरेर राप्ती, कर्णाली, भेरीका थारु, मगर, ठकुरीहरूले नाचगान गर्दा टप्पा गाउने र वादन गर्ने गरेको पाइन्छ । यस तालमा शुरुमा समानलय, दुगुनलय र चौगुन भएर फेरी समानमा आउने गरिन्छ भने कतैकतै दुगुन र चौगुन लयमा वादन गर्ने चलन पनि भेटिन्छ । गीत, भाका र नाचको विभिन्न ढंग र प्रकृतिअनुसार पनि समला तालको बोलहरू बेग्लाबेग्लै हुने गरेको पाइन्छ । समला ताल नेपालको पूवी भागमा प्रचलित छ । यो ताल समला गीत र नृत्यसँगै जोडिएकाले ताल र गीतको नाम नै समला रहन गएको मानिन्छ । यो ताल किँरात जातजातिहरूले गाउने गीतको भाकामा बढी प्रयोग भएको पाइन्छ । गीत, भाका र नाचको विभिन्न ढंग र प्रकृतिअनुसार पनि समला तालको बोलहरूमा धेरै विविधता पाइन्छ । समग्र तालहरूको विशेषता, शैली र प्रयोगलाई हेर्दा ठाउँ र त्यस ठाउँको भाषाअनुसार बोल र बजाउने तरिका भिन्न पाइन्छ । नेपालमा बसोबास गर्ने विभिन्न जात जातिहरूले सांस्कृतिक परम्पराको रूपमा जन्मेदेखि मृत्युसम्म अपनाउने विभिन्न चाडपर्वहरूमा प्रचलित लोकगीत तथा धुनहरूमा बजाइने लोकप्रिय वाद्य जुन नेपालमै निर्मित सांस्कृतिक प्रतीकका रूपमा चर्चित एक प्रसिद्ध मौलिक ताल बाजा मादलको संरक्षण र सम्बर्द्धन गर्नु हामी सबैको प्रमुख कर्तव्य हो ।

## सन्दर्भ सामग्री

Poudel, P. P. (Vol. 3 No. 2 (2021)). The Historical Context and Present Scenario of Madal. *Journal of Fine Arts Campus*. doi: https://doi.org/10.3126/jfac.v3i2.48332

Regmi, D. C. (2022). Music education in the campuses of Tribhuvan University .

*Journal of Fine Arts Campus*.

भण्डारी, अच्युतराम (वि.सं. २०७७) मादल गाईड, काठमाडौँ: गोकर्णेश्वर नगरपालिका

पाण्डे, इन्दिरा रेग्मी, सतीशचन्द्र योन्जन, गोपाल (वि.सं.२०३४) सङ्गीतान्जली, काठमाडौँ: श्री पाण्डे रक्तकाली

उपाध्याय, साचेन (वि.सं.२०५७) बाजाको व्यापक अर्थ, काठमान्डौः नेपाल लोकबाजा संग्रहालय

कडेल, रामप्रसाद (वि.सं.२०६१) नेपाली लोकबाजा, काठमाडौँ: नेपाली लोकबाजा सग्रहालय

थापा, धर्मराज गण्डकीका सुसेली, काठमाडौँ: नेपाल प्रज्ञा प्रतिष्ठान

दर्नाल, रामशरण (वि.सं.२०४५) नेपाली सङ्गीत-संस्कृति, काठमाडौँ: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान

दर्नाल, रामशरण (वि.सं.२०६०) नेपाली बागिना र कला, काठमाडौँ: भृकुटी एकेडेमिक पब्लिकेशन

दिवस, तुलसी नेपाली लोकबाजा, काठमाडौँ: नेपाल प्रज्ञा प्रतिष्ठान

दिवस, तुलसी लोक सङ्गीत संगोष्ठी, काठमाडौँ: नेपाल प्रज्ञा प्रतिष्ठान

नेउपाने, कुसुमाकर (वि.सं.२०७०) नेपाली लोक गीत, पोखराः फिस्टेल पब्लिकेशन

पराजुली, कृष्णप्रसाद (वि.सं.२०६७) नेपाली शब्द कोष, काठमान्डौः नेपाल प्रज्ञा प्रतिष्ठान

पराजुली, कृष्णप्रसाद (वि.सं.२०५७) नेपाली लोकगीतको आलोक, काठमाडौँ: रत्न पुस्तक भण्डार

भण्डारी, अच्युतराम (२०७७) मादल गाईड, काठमाडौँ: लेखक स्वयम्

शर्मा, नगेन्द्र आचार्य, विधान (वि.सं.२०४७) नेपाली लोकवाद्य-सङ्गीत संङ्गोष्ठी, काठमाडौँ: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान

शाह, सुबी (वि.सं.२०३९) मादल, काठमाडौँ: साझा प्रकाशन